# अर्थ मन्त्रालय

## प्रेस विज्ञप्ती

- भारतीय अर्थमन्त्री महामहिम अरुण  जेट्लीको मैत्रीपूर्ण निमन्त्रणामा माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेलले यही माघ २४ देखि २६ सम्म भारतको मैत्रीपूर्ण भ्रमण गर्नुभयो । भ्रमणका अवसरमा अर्थमन्त्री पौडेलले भारतीय गृह मन्त्री श्री राजनाथ सिंह, विदेश मन्त्री श्रीमति सुष्मा स्वराज र अर्थमन्त्री श्री अरुण जेट्लीसँग आर्थिक र प्राविधिक सहायताको विस्तारका साथै दुइपक्षीय सम्बन्धका विविध पक्षहरुमा सौहार्दपूर्ण संवाद र अन्तर्क्रिया गर्नुभयो ।

- भ्रमणका अवसरमा नेपालका सम्माननीय प्रधानमन्त्रीज्यूबाट निकट भविष्यमा हुन गईरहेको मित्रराष्ट्र भारतको भ्रमणलाई फलदायी बनाउने विषयमा पनि माननीय मन्त्रीज्यूले समकक्षी तथा उच्च सरकारी अधिकारीहरुसँग छलफल गर्नु भयो । सो अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणलाई उच्च महत्वका साथ आयोजना गर्ने र दुइ देश बीचको सम्बन्धलाई नयाँ उचाईमा पुर्याउन, थप सुदृढ गर्न र उपलब्धीपूर्ण बनाउन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता भारतीय पक्षबाट व्यक्त भयो ।

- भुकम्प पछिको पुनर्निर्माण सम्बन्धमा भारत सरकारबाट घोषणा गरिएको सहायता परिचालन सम्बन्धी सम्झौताहरुको मस्यौदालाई अन्तिम रुप दिने सम्बन्धमा वार्ता भयो । यस सम्बन्धी सम्झौतामा सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणका क्रममा हस्ताक्षर गर्ने गरी तयारी गर्ने सहमती भयो ।

- सहमती भईसकेका आर्थिक र प्राविधिक सहायता सम्वन्धी आयोजना तथा कार्यक्रमहरुलाई सिघ्र सम्पन्न हुने गरी प्रभावकारी कार्यान्वयन गर्ने र भौतिक पूर्वाधार सम्बन्धी नयाँ आयोजनाहरु प्रारम्भ गर्ने सम्बन्धमा वार्ता केन्द्रीत थियो । हुलाकी राजमार्गलाई आगामी पाँच वर्ष भित्र दुई लेनको सडकको रुपमा निर्माण सम्पन्न गर्ने, अन्तर देशिय विद्युत प्रशारण लाईनको निर्माण यथासक्य छिटो सम्पन्न गर्ने, दुई सय पचास मेगावाट सम्मको नयाँ जलासययुक्त आयोजनाका लागि अनुदान उपलब्ध गराउने र एक वटा पाँचसय मेगावाट सम्मको जलविद्युत आयोजना निर्माण गर्नका लागि सहुलियत पूर्ण ऋण उपलब्ध गराउने, हालको विर अस्पताललाई अत्याधुनिक सुविधासम्पन्न अस्पतालको रुपमा विकास गर्ने, नेशनल इन्स्टिटच्यूट अफ टेक्नोलोजी र आठ स्थानमा पोलिटेक्निक इन्स्टिटच्यूट स्थापना गर्ने, आयुर्वेद विश्वविद्यालय र शिक्षण अस्पतालको स्थापना गर्ने, पशुपति क्षेत्रको वृहत्तर गुरुयोजना बनाई कार्यान्वयन गर्ने , लगायतका विविध विषयमा पूर्व संभाव्यता अध्ययन गर्ने, विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने लगायतका आयोजना कार्यक्रमहरु

नेपालको तर्फबाट प्रस्ताव गरिएको थियो । यि विषयहरुमा सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमण पूर्व आवश्यक गृहकार्य गर्ने सहमति भयो ।

- भ्रमण दलमा सहभागि भारत स्थीत नेपाली राजदुत श्री दीप कुमार उपाध्याय, अर्थसचिव श्री लोकदर्शन रेग्मी र परराष्ट सचिव श्री शंकर दाश बैरागी लगायतका अधिकारीहरुले भारतीय समकक्षिहरु सँग आर्थिक र प्राविधिक सहायता सम्बन्धी आयोजनाको कार्यान्वयन सम्बन्धमा वार्ता गरे ।

- यो भ्रमण सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणको तयारीलाई व्यवस्थीत बनाउन , दुई पक्षीय आर्थिक तथा प्राविधिक सहायतामा संचालित आयोजना तथा कार्यक्रम प्रभावकारी बनाउन ,नयाँ आयोजनाको प्रस्ताव अगाडि बढाउन र दुई पक्षीय सम्बन्धका विविध पक्षहरुलाई सुमधुर र सुदृढ बनाउन सफल भएको छ ।

मिति २०७२/१०/२७